☎ 9854038381
ईमेल :chandranagar111@gmail.com

# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

प.स.२०७८।७९
च. न.

मितिः २०७९/०४/०३

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०४/०३

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय कार्यक्रम हो । यो कार्यक्रम, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । यस कार्यक्रम अन्तर्गत सर्लाही जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालनमा सहयोग/समन्वय गर्न तथा चन्द्रनगर गाउँपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र. सं. | पद | पद संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | १<br>महिलालाई प्राथमिकता | **सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिनाको तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>• कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको ।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्थाः**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ । जुन निम्नानुसार छः<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव |

| | | | |
|---|---|---|---|
| | | | भएकालाई विशेष प्राथमिकता दिईनेछ । कम्पुटर मा वेभ इन्ट्री / रिपोर्टिंग गर्न सक्ने । |
| २ | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता, सहकारि वा बैंक\वित्तीय संस्थामा २ बर्षको अनुभव भएको, वित्तीय साक्षरता तथा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।कम्पुटर मा वेभ इन्ट्री / रिपोर्टिंग गर्न सक्ने । |
| ३ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम् कक्षा १० कक्षा पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभवी । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |

**कार्य अवधिः** हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन मुल्यांकन अनुसार नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम :** लिखित, अन्तवार्ता र प्रयोगात्मक (रितुर्नी स्वम्सेवक को हकमा अन्तवर्वार्ता मात्र हुनेछ )

**आबेदनको दस्तुर :** मनोसामाजिक परामर्शकर्ता तथा वित्तीय साक्षरता सहजकर्ताको लागि रु.५००/- (अक्श्रेपी पाँच सय मात्र) र रिटर्नी स्वयंसेवकको लागि रु ३००/-(अक्श्रेपी तिन सय मात्र) नबिल बैंक लि.मा यस चन्द्रनगर गाउँपालिकाको नाममा रहेको खाता न. २२८०१०१७५०००३१ संचित खातामा जम्मा गर्नु पर्ने छ ।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक चन्द्रनगर, सर्लाहीमा स्थाई वसोवास भएका नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित चन्द्रनगर गाउँपालिकामामा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ । योग्य स्थानीयलाई प्राथमिकता दिईनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७९/०४/१६ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

मदन बहादुर थिंग
प्रमुख प्रशासकीय अधिकृत

मदन बहादुर थिङ
प्रमुख प्रशासकिय अधिकृत